# भीमेश्वर नगरपालिका

## चरिकोट, दोलखा

### नगर कार्यपालिकाको ४५औं बैठकका प्रस्तावहरु

मिति २०८२/०४/१२ गते

१) आ.व. २०८२/०८३ को नगर दर रेट सम्वन्धमा ।

२) आ.व. २०८२/०८३ को वार्षिक खरिद योजना तयार गर्ने सम्वन्धमा ।

३) कार्यालय सामाग्री (वस्तु) खरिद सम्वन्धमा ।

४) बारुण यन्त्र (दमकल) मर्मत सम्वन्धमा ।

३) नियमित मर्मतका लागि सडक छनौट सम्वन्धमा ।

४) आ.व. २०८२/०८३ को लागि उपभोक्ता समिति सहभामिता सम्वन्धमा ।

५) वार्षिक समीक्षा कार्यक्रम मिति तय सम्वन्धमा ।

६) LAPA तयारीको परामर्श सेवाको म्याद थप सम्वन्धमा ।

७) स्वयंसेवक (कृषि सेवा) परिचालन कार्यविधि, २०८२ सम्बन्धमा ।

८) पशु सेवा स्वयंसेवक पदपूर्ति सम्वन्धी सूचना प्रकाशन सम्बन्धमा ।

९) नायव पशु सेवा प्राविधिकको आ.व. २०८१/८२ मा प्रस्तावित विज्ञापन रद्द गरी आवेदन शुल्क फिर्ता गर्ने सम्बन्धमा ।

१०) बिनियोजन ऐन, २०८२ ) कार्यान्वयनका लागि नियमावली, कार्यविधि (किड्नी डायलासिस विपन्न सहयोग, मोतिबिन्दु लाभग्राही सहयोग, जटिल रोग सहयोग, क वर्गका हेरालु सहयोग, ग वर्गका लागि सहयोग कार्यक्रम आदि निर्माण सम्वन्धमा ।

११) तेस्रो सन्तानदेखिको प्रोत्साहन कार्यक्रम परिमार्जन सहित निरन्तरता सम्वन्धमा ।

१२) क वर्गका अपाङ्गता भएका व्यक्तिको हेरचाह गर्ने र ग वर्गका लागि तोकिए बमोजिमको भत्ता निरन्तरता सम्वन्धमा ।

१३) वडा नं. ६ को पहिरोमा परी बाँचेका बालकलाई दिईने मासिक भत्ता निरन्तरता सम्वन्धमा ।

१४) तेस्रो सन्तानदेखि प्रोत्साहन कार्यक्रम परिमार्जन सहित निरन्तरता सम्वन्धमा ।

१५) पालो पहरा खर्च आदि सम्वन्धमा ।

१६) स्वास्थ्य शाखाबाट कडा रोग लागेकालाई सिफारिस गरे पश्चात नगरपालिकाको तर्फबाट राहत रु १० हजार निरन्तरता सम्वन्धमा ।

१७) पहिरोले घर क्षति पुर्याएको (गीता नेपाली) घरको भाडा मासिक २ हजार निरन्तरता सम्वन्धमा ।

१८) सार्वजनिक सम्पत्ति संरक्षण सम्वन्धमा ।

१९) जटिल रोगीहरुलाई दिदै आएको राहत रकम निरन्तरता

२०) आधारभूत स्वास्थ्य केन्द्र, भीनपा ६ सन्चालन सम्वन्धमा ।

२१) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षण सम्वन्धमा ।

२२) भीमेश्वर प्रवेशद्वार तथा सूचना केन्द्रको भाडा सम्वन्धमा ।

२३) स्वास्थ्यसेवा तर्फका कर्मचारी पदपूर्ति सम्वन्धम

२४) विविध

क) आर्थिक सहयोग सम्वन्धमा

**विशकसेन ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ४५औं बैठकका निर्णयहरु

मिति : २०८२/०४/१२ गते

निर्णय नं. १ : यस नगरपालिकाको आ.व. २०८१/०८२ का लागि दोलखा जिल्ला, जिल्ला दर रेट निर्धारण समितिले आ.व. २०८२/०८३ का लागि निर्धारण गरेको जिल्ला दर रेटलाई नै भीमेश्वर नगरपालिकाको दर रेट कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : भीमेश्वर नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक खरिद योजना तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न खरिद इकाईलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : भीमेश्वर नगरपालिकाको आ.व. २०८२/०८३ को विनियोजन ऐन बमोजिम भीमेश्वर नगरपालिकाका वडाहरु तथा शाखाहरु अन्तर्गत सन्चालन हुने आयोजना तथा कार्यक्रमहरुका लागि खरिद गर्नुपर्ने सामानहरुको विवरण टेन्डर मार्फत खरिद गर्ने प्रयोजनका लागि २०८२ साउन मसान्तभित्र भीमेश्वर नगरपालिकाको कार्यालयमा उपलव्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४ : भीमेश्वर नगरपालिकाको बारुण यन्त्र (दमकल) को सक्सन पम्पमा समस्या आई मर्मत गर्न काठमान्डौ पठाईएकोमा मेकानिकल ईन्जिनियर अरुण बिक्रम थापाको प्राविधिक प्रतिवेदन बमोजिम मर्मतको सट्टा नयाँ सक्सन पम्प खरिद गर्दा लागत कम हुने तथा गुणस्तर राम्रो हुने देखिएकाले सोही प्रतिवेदन बमोजिम उक्त सक्सन पम्प खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५ : भीमेश्वर नगरपालिका नगर क्षेत्रभित्रका सडकहरुको नियमित सरसफाई तथा भल तर्काउने कार्यका लागि देहायका सडकहरुमा बढीमा २ महिना (मनसुनको समय) का लागि नगर दररेट (अदक्ष कामदार) बमोजिमको रकम उपलव्ध गराउने गरी परिचालन गर्ने निर्णय गरियो ।

| वडा | सडकको नाम | लम्बाई | हेरालुको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | देउराली -पानीघाट सडक, रामेडाँडा -बासझांग -सुस्पा सडक, | ११, ४ किमी | ३ जना | असारदेखि भाद्र मसान्तसम्म ६० कार्यदिनेको |
| २ | डिलढुंगा-नागदह सडक, राम्पा -डोक्थली -डिलढुंगा सडक, सिंहबन- स्वामीको रुख सडक, मन्जुश्री -गोलेगाउँ-क्याम्पस सडक, | २१ किमी | ५ जना | |
| ४ | भटमासे -जिलु सडक, कृष्नाहरे- कात्तिके- जफती गोलाई सडक, पिपलबोट -चेतनशील - गोघडी सडक | १५ किमी | ३ जना | |
| ५ | बालगृह - महांकाल सडक, बालगृह- वडा कार्यालय- गाईघाट सडक, कमिनीचौर- जम्बुको धारा- हलढुंगा सडक | २० किमी | ५ जना | |
| ६ | चमरदिप - देउराली सडक, रामकोट - शिखर मार्ग, पाटीखोला -उखुबारी - काउले सडक, | १८ किमी | ४ जना | |
| ७ | घ्यावापानी - सेरा - निगाले सडक, साखिने- ओदि - बाहुनीखोला सडक, माझगाउँ - कुप्री - तिनाखले - सेरा | ३४ किमी | ७ जना | |

विशकसेन ढुङ्गेल

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | सडक, सखिने - सिंहराम - हात्ती छहरा सडक, कैजले - बाझोगारा सडक | | | |
| ८ | कृषि - प्रसातीडाँडा - कार्कीगाउँ सडक, बोचघुम्ती - लामा गाउँ- लप्से - सेराबेसी - उर्लेनी सडक, ढाडको सिम- उर्लेनी - लप्से सडक, गाम्नागी - थलनागी- भित्तेरी सडक | १८.५ किमी | ५ जना | |
| ९ | झिगान - धोत्रे - भण्डारे सडक, अंगेरीडाँडा- डाँडागाउँ - टपू सडक, यानमारा - स्यासी - सुर्के सडक | २३ किमी | ४ जना | |
| | जम्मा | | ३६ जना | |

निर्णय नं. ६ : भीमेश्वर नगरपालिकाले चालु आ.व. २०८२/०८३ मा उपभोक्ता समिति मार्फत सन्चालन गर्ने आयोजना तथा कार्यक्रमहरुको न्यूनतम् जनसहभागिता तपसिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

क) सडक तथा गोरेटो बाटो निर्माण/मर्मत १५ प्रतिशत

ख) खानेपानी तथा सिंचाई योजना १५ प्रतिशत

ग) भवन निर्माण.मर्मत १० प्रतिशत

घ) अन्य पूर्वाधार १५ प्रतिशत

ङ) संघ/संस्थाहरु बाट गरिने कार्यक्रममा १५ प्रतिशत

निर्णय नं. ७ : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक समीक्षा कार्यक्रम मिति २०८२ साउन २२ गते बिहिबार गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : स्थानीय अनुकुलन कार्ययोजना (LAPA) तयारी परामर्श सेवा खरिदको म्याद २०८२ असार मसान्तमा समाप्त भएकोले २०८२ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय शासन कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०८२ बमोजिम तोकिएको समितिले कार्यसम्पादन गर्नुपर्ने प्रावधान सम्वन्धमा कार्यपालिकालाई जानकारी भई आवश्यक सहयोग समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : भीमेश्वर नगरपालिकाले तयार गरेको स्वयम्सेवक (कृषि सेवा) परिचालन कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : यस नगरपालिकाको एक वडा एक पशु प्राविधिक नीति बमोजिम नपुग ५ जना पशु सेवा स्वयम्सेवक पदपूर्तिका लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

दिशकसैन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ४५औं बैठकका निर्णयहरु

मिति : २०८२/०४/१२ गते

निर्णय नं. १२ : भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०८१/०४/२० गते प्रकाशित नायव पशु सेवा प्राविधिक (सहायक चौथो) ५ जना पदपूर्ति सम्वन्धी सूचना बमोजिम दरखास्त आव्हान भई विविध कारण थप प्रक्रिया अगाडि बढाउन नसकेको हुँदा प्रस्तावित विज्ञापन रद्व गरी आवेदन शुल्क सम्वन्धित दरखास्तवालाहरुलाई फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : भीमेश्वर नगरपालिकाको बिनियोजन ऐन, २०८२ मा समावेश नगद सहयोग प्रकृतिका कार्यक्रमंहरु (किड्नी डायलासिस बिपन्न सहयोग, मोतिबिन्दु सल्यक्रिया २५ प्रतिशत सहयोग, जटिल रोग लागेका बिरामीलाई रु १० हजार सहयोग, क वर्गका अपाङ्गता भएका व्यक्तिको हेरालु सहयोग, ग वर्गका अपाङ्गता भएका व्यक्तिलाई सहयोग, तेस्रो सन्तानदेखि प्रोत्साहन कार्यक्रम, थामी संग्रहालय सन्चालन तथा व्यवस्थापन, भ्युटावर, फिल्मसिटी आदि सन्चालन तथा व्यवस्थापन) कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माणका लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री नारायण प्रसाद सेढाई, बरिष्ठ शाखा अधिकृत |
| सदस्य | श्री देव कुमार गिरी, बरिष्ठ लेखा अधिकृत |
| सदस्य | श्री थिर बहादुर थापा, संयोजक TAF |
| सदस्य सचिव | श्री सम्वन्धित शाखा प्रमुख |

आवश्यक सदस्य समितिले आमन्त्रण गर्न सकिने ।

निर्णय नं. १४ : गत आ.व. देखि कार्यान्वयनमा रहेको तेस्रो सन्तानदेखि प्रोत्साहन कार्यक्रम प्रभावकारी देखिएकाले यस आ.व. मा पनि वार्षिक बजेट तथा कार्यक्रममा सुत्केरी आमालाई साबिक बमोजिम रु १० हजार र चालु आ.व.बाट नवजात शिशुको खातामा रु १० हजार थप सहयोग गर्ने गरी उक्त कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १५ : गत विगत देखि कार्यान्वयन हुदै आईरहेको र यस आ,व,मा पनि स्वीकृत कार्यक्रममा समावेश भएको क वर्गका अपाङ्गता भएका व्यक्तिको हेरचाह गर्ने हेरालुलाई मासिक रु १ हजार तथा ग वर्गका अपाङ्गता भएका व्यक्तिलाई मासिक रु ५ सय सहयोग प्रदान गर्ने कार्यक्रमलाई यस आ.व. मा पनि निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १६ : भीमेश्वर नगरपालिका वडा नं. ६ मा गत वर्षको असोज ११ र१२ गते परेको अविरल वर्षाका कारण घरमा पहिरो गई बाच्न सफल एक मात्र बालकलाई २०८२ कार्तिक महिनादेखि दिईदै आएको मासिक निर्वाह भत्ता वापतको रकम रु १० हजार यस आ.व.मा पनि निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १७ : २०७९ सालको वर्षातको समयमा मर्याङखोलामा आएको बाढीको कारण पूर्णरुपमा बिस्थापित गीता नेपालीले अस्थायी आवास (चरिकोट बजारमा कोठा भाडा) प्रयोग गरे वापत दिईदै आएको मासिक घरबहाल रु २ हजार स्थायी आवास व्यवस्थापनका लागि प्रथम किस्ता नपाउन्जेलसम्मका लागि निरन्तरता दिने निर्णय गरियो ।

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ४५औं बैठकका निर्णयहरु

मिति : २०८२/०४/१२ गते

निर्णय नं. १८ : भीमेश्वर नगरपालिका क्षेत्रभित्रका तपसिलका सार्वजनिक सम्पत्तिको संरक्षणका लागि परिचालन गरिएको जनशक्ति (हेरालु) लाई यस आ.व.मा पनि निरन्तरता दिने निर्णय गरियो।

क) थामी संग्रहालय, भीनपा १

ख) चम्पुजा पार्क, भीनपा २

ग) औद्योगिक ग्राम, भीनपा ७

निर्णय नं. १९ : गत विगत देखि कार्यान्वयन हुदै आईरहेको र यस आ.व.मा पनि स्वीकृत कार्यक्रममा समावेश भएको जटिल रोगीहरुलाई दिईदै आएको एकमुष्ठ रकम रु १० हजार सहयोगलाई यस आ.व. मा पनि निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. २० : भीमेश्वर नगरपालिका वडा नं. ६ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न भईसकेको हुँदा उक्त भवनबाट सेवा प्रदान गर्न आवश्यक फर्निसिंग, कार्पेटिंग लगायतको व्यवस्थापनका लागि प्राविधिक मूल्यांकन बमोजिम खर्च गरी सेवा सन्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षण प्रतिवेदन, २०८२ मा प्रास अंक ७४ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो

निर्णय नं. २२ : भीमेश्वर प्रवेशद्वार तथा सूचना केन्द्रको यस वर्ष ५ प्रतिशतको दरले भाडा दर बृद्धी हुनुपर्नेमा हालको बजार विश्लेषणको आधारमा साबिककै भाडा रु ५ हजार कायम गरी सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

निर्णय नं. २३ :आधारभूत स्वास्थ्य केन्द्र, भीनपा ६ र कुप्री सहरी स्वास्थ्य केन्द्र, भीनपा ७ को लागि १/१ जना अहेव पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. २४ : विविध

क) भीमेश्वर नगरपालिकाको सरसफाई केन्द्रमा तत्कालिन कार्यरत भीनपा ५ का झलक बहादुर दमाई कामको शिलशिलामा दुर्घटनामा परी टाउकोको सल्यक्रिया गरेको, निज र निजको परिवार विपन्न समेत भएकोले औषधी उपचारमा खर्च गरी दाबी गरेको रकम मध्ये रु १ लाख ६ हजार औषधी उपचार खर्च वापत उपलव्ध गराउने निर्णय गरियो।

ख) भीमेश्वर नगरपालिकामा कार्यरत ईन्जिनियर नारायण प्रसाद शिवाकोटी मुटुको सल्यक्रिया गरी उपचार भएको हुँदा उपचार खर्च राहत स्वरूप रु ५० हजार उपलव्ध गराउने निर्णय गरियो।

ग) जिल्ला समन्वय समितिका प्रमुख बर्जुराम घतानीको टाउकोमा ट्युमर भई सल्यक्रिया गरी उपचार भएको हुँदा उपचार खर्च राहत स्वरूप रु ५० हजार उपलव्ध गराउने निर्णय गरियो।

विशकर्सेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश